आज मिति २०८२ साल फाल्गुन महिनाको ०८ गतेका दिन निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको १०३ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिहरु :-</u>

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री पूर्ण बहादुर चितौरे

<u>अन्य सहयोगी कर्मचारी</u>

लेखा अधिकृत श्री सरोज काफ्ले

का.स.श्री गम बहादुर गाहा

मिति २०८२।११।०८ गतेका दिन बिहान ठीक ८:०० बजे बसेको निस्दी गाउँपालिकाको १०३ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,आर्थिक सहयोग सम्बन्धमा ।

३,कृषि स्नातक नियुक्ति सम्बन्धमा ।

४,मगर दिवस सम्बन्धमा ।

५,विविध ।

मिति २०८२।११।०८ गते बसेको निस्दी गाउँपालिकाको १०३ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो ।

२.यस निस्दी गाउँपालिका वडा नं.५ निवासी वोम बहादुर सुनारीले आर्थिक सहयोगको लागि निवेदन दिएकोमा निजलाई निस्दी गाउँपालिकाको प्रशासनिक खर्च मापदण्ड, २०८० बमोजिम आर्थिक सहयोग वापत निजलाई रु.४५,०००।— रकम उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

३.यस निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा मिति २०८२।०७।१९ देखि कार्यरत कृषि स्नातक श्री केशर जङ्ग सारुले मिति २०८२।१०।२७ मा दिएको निवेदन बमोजिम मिति २०८२।११।०१ देखि लागु हुने गरी राजिनामा स्वीकृत भएकोले मिति २०८२।०७।१९ को पदपूर्ति समितिको निर्णय बमोजिम प्रथम वैकल्पिक सिम्बोल नं. २०८२०८३०१०७ का विनोद बस्याल ( बगनासकाली गा.पा.-८) लाई निर्वाचन आचार संहिता,२०८२ पश्चात सूचना जारी गरी सोहि बमोजिम नियुक्ति दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

४.हरेक वर्ष फाल्गुन १५ मा पर्ने राष्ट्रिय मगर दिवसको अवसरमा यस निस्दी गाउँपालिकामा १ दिन स्थानीय विदा दिने र सो बारे सूचना प्रकाशन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने साथै आ.व.२०८२।०८३ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको मगर दिवश कार्यक्रम सोहि दिन प्रत्येक वडामा वडा कार्यालय मार्फत विविध कार्यक्रम गरी मनाउने सर्वसम्मत निर्णय गरियो ।